# सूचनामा पहुँच सम्वन्धी (कार्यविधि) निर्देशिका, २०७४

सर्वोच्च अदालतवाट निवेदक अधिवक्ता बावुराम अर्याल समेत विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत भएको रिट नं. ०६९-WO-०२६८ को उत्प्रेषणयुक्त परमादेश विषयको निवेदनमा २०७२।१०।२१ मा कानून बमोजिम कुनै अपराध अनुसन्धानको सिलसिलामा जरूरी भै सूचनामा पहुँचको लागि अनुमति दिने प्रयोजनको लागि कानूनमा अन्यथा व्यवस्था नभएसम्म सम्वन्धित जिल्ला अदालतवाट अनुमति लिने व्यवस्था मिलाउनु भनी भएको आदेश कार्यान्वयनमा सहजता ल्याउन, व्यक्तिको निजी सूचनामा पहुँचलाई व्यवस्थित गर्न र सो सम्वन्धी कार्यविधिमा एकरुपता कायम गर्न वाञ्छनीय भएकोले,

सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ११६ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायको निर्देशिका जारी गरेको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः-** (१) यो निर्देशिकाको नाम "सूचनामा पहुँच सम्वन्धी (कार्यविधि) निर्देशिका, २०७४" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः-

(क) "सूचना" भन्नाले व्यक्तिले प्रयोग गरिरहेको मोबाइल वा स्थायी टेलिफोनको Call Details लगायत Operational Data (BTS Location, SMS, MMS, CDR, User Details, Sim User Location, Sim Location, Call wise Location, Internet Activities Log, IP Address etc.) तथा सो संग सम्वध्द विवरणको विश्लेषणबाट सम्वन्धित देखिन आएका अन्य टेलिफोनका उल्लेखित विवरणहरूलाई समेत जनाउँदछ।

(ख) "व्यक्ति" भन्नाले प्राकृतिक तथा कानूनी व्यक्ति समेत जनाउँदछ।

सर्वोच्च अदालत काठमाडौं

(ग) "अदालत" भन्नाले जिल्ला अदालत सम्झनुपर्दछ।

(घ) "न्यायाधीश" भन्नाले जिल्ला न्यायाधीशलाई सम्झनुपर्दछ।

(ङ) "सम्पर्क व्यक्ति" भन्नाले न्यायाधीशले सम्पर्क व्यक्तिको रुपमा काम गर्न तोकिदिएको अधिकृत कर्मचारीलाई सम्झनुपर्दछ।

(च) "अनुसन्धान अधिकृत" भन्नाले प्रचलित कानून बमोजिम अपराध अनुसन्धानको लागि खटिएका अधिकृत कर्मचारीलाई सम्झनुपर्दछ।

## परिच्छेद २

## अनुमति प्रदान गर्ने प्रक्रिया

**३. अनुमति माग गर्दा संलग्न गर्नुपर्ने कागजातः-** (१) कुनै अपराधको अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकृतले कुनै व्यक्तिको वा कुनै टेलिफोन नम्वरका सम्वन्धमा सूचनामा पहुँचका लागि माग गर्दा अपराधको सूचना वा उजुरी वा जाहेरी दरखास्त वा प्रहरी प्रतिवेदनको प्रतिलिपि संलग्न गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमति माग गर्दा प्राप्त भएको सूचना अपराध अनुसन्धान बाहेक अन्य प्रयोजनका लागि प्रयोग नगर्ने व्यहोरा समेत उल्लेख गर्नुपर्नेछ।

**४. अनुमति प्रदान गर्ने निर्णयः-** (१) दफा ३ बमोजिम अनुसन्धान अधिकृतले माग गरेको अवस्थामा अनुमति प्रदान गर्ने वा नगर्ने निर्णय न्यायाधीशबाट गर्नुपर्नेछ।

(२) कुनै कारणवश न्यायाधीश अदालतमा उपस्थित नरहेको अवस्थामा उपदफा (१) बमोजिमको निर्णय अदालतको स्रेस्तेदारबाट गर्नुपर्नेछ।

**५. माग गर्ने निकायः-** अपराध अनुसन्धान गर्न कानून बमोजिम विभिन्न तहमा स्थापना भएका निकायबाट अनुमति माग गर्न सकिने छ। ।

**६. विद्युतीय माध्यमबाट अनुमति प्रदान गर्न सकिनेः-** अपराध अनुसन्धान गर्ने संस्था वा निकायको आधिकारिक ईमेलबाट अनुमति माग गरेको अवस्थामा सोही ईमेलको माध्यमबाट अनुमति प्रदान गर्न सकिनेछ।

७. विवरण स्पष्ट उल्लेख गर्नेः- अनुमति प्रदान गर्दा Call Details लगायत Operational Data (BTS Location, SMS, CDR, User Details, Sim User Location, Sim Location, Call wise Location, Internet Activities Log, IP Address etc.) मा पहुँचकोलागि माग गरेको अवस्थामा कुन कुन विवरणमा पहुँच दिने हो भन्ने व्यहोरा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ।

८. आकष्मिक रुपमा आवश्यक देखिएको अवस्थामा सूचना प्राप्त गर्न सकिनेः- अनुसन्धानको सिलसिलामा अत्यावश्यक भई कुनै व्यक्तिको सूचना प्राप्त गर्नुपर्ने अवस्था सिर्जना भएको तर कार्यालय समय समाप्त भई वा सार्वजनिक विदा परी लिखित अनुमति माग गर्न नसकेको अवस्थामा सञ्चारका अन्य कुनै माध्यमबाट सम्पर्क व्यक्तिलाई जानकारी गराई त्यस प्रकारको सूचना प्राप्त गर्न सकिनेछ।

९. अनुमोदन गराउनुपर्नेः- (१) दफा ८ अनुसार सूचना प्राप्त गरिसकेको भए अनुसन्धान अधिकृतले अदालत खुलेको दिन कार्यालय समय शुरु हुनासाथ सबै व्यहोरा उल्लेख गरी सम्वन्धित कागजातहरू सहित अनुमोदनका लागि अनुरोध गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुरोध भई आएमा आवश्यकता र औचित्य हेरी अनुमोदन सम्वन्धमा निर्णय गर्नुपर्नेछ।

## परिच्छेद ३

## विविध

९. गोपनियता कायम गर्नेः- सूचनामा पहुँचका सम्वन्धमा भए गरेका कारवाही तथा निर्णयको गोपनियता कायम गर्ने जिम्मेवारी न्यायाधीश, सम्पर्क व्यक्ति तथा सम्वन्धित अनुसन्धान अधिकृतको हुनेछ।

१०. नष्ट गर्नेः- दफा ३ बमोजिम अनुमति माग गरिएकोमा वा दफा ९(१) बमोजिम अनुमोदन का लागि माग गरिएकोमा दफा ४ बमोजिम अनुमति प्रदान नगर्ने निर्णय भएमा वा दफा ९(२) बमोजिम अनुमोदन नभएमा अनुमति र अनुमोदन माग सङ्ग सम्वन्धित सबै विवरण नष्ट गर्नुपर्नेछ।

१०. प्रचलित कानून बमोजिमहुनेः- निजी सूचनामा पहुँचका सम्वन्धमा प्रचलित कानूनमा कुनै व्यवस्था भएकोमा सोही बमोजिम र अन्यमा यस निर्देशिका बमोजिम हुनेछ।

११. न्यायाधीशको निर्णय अन्तीम हुने:- यस निर्देशिकाको कार्यान्वयनमा कुनै द्विविधा परेमा न्यायाधीशको निर्णय अन्तीम हुनेछ।